मिति २०७९ साल माघ १५ गतेको कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरु:**

१. समिक्षा सम्बन्धमा ।

२. हिउँदे गाउँ सभा सम्बन्धमा ।

३. रकमान्तर सम्बन्धमा ।

४. ईन्धन तथा सवारी साधन व्यवस्थापन सम्बन्धमा ।

५. झोलुङ्गे पुल सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७९/८० को हिउँदे गाउँ सभा अधिवेशन मिति २०७९/११/१० गतेबाट प्रारम्भ गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७९/८० को स्वीकृत बजेट तथा कार्यक्रममा देहाय अनुसार रकमान्तर तथा शिर्षकान्तर गरी आगामि हिउँदे गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | श्रोत | खर्च शिर्षक | विनियोजित रकम | थप रकम | घट रकम | शंशोधित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय तथा गाउँपालिकामा ईन्टरकम (VOIP) जडान आयोजना | नेपाल सरकार - नगद अनुदान | ३११५९ | १००००००.०० | ०.०० | १००००००.०० | ०.०० | शिर्षकान्तर |
| २ | गाउँ कार्यपालिकाको लागि आवश्यक मेशिनरी औजार खरिद तथा मर्मत | नेपाल सरकार - नगद अनुदान | ३११५९ | ०.०० | १००००००.०० | ०.०० | १००००००.०० | शिर्षकान्तर |
| ३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | २२६१३ | ७०००००.०० | ०.०० | ५०००००.०० | २०००००.०० | रकमान्तर |
| ४ | फर्निचर तथा फिक्चर्श खरिद | राजस्व बाँडफाँड - संघीय सरकार | ३११२३ | ०.०० | ५०००००.०० | ०.०० | ५०००००.०० | शिर्षकान्तर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | कर्मचारी प्रोत्सहानका लागि पर्यटन काज | राजस्व बाँडफाँड - संघीय सरकार | २११३५ | १९९५०००.०० | ०.०० | ३०००००.०० | १६९५०००.०० | रकमान्तर |
| ६ | खेलकुद विकास कार्यक्रम | आन्तरिक श्रोत | २२५२२ | ५०००००.०० | ३०००००.०० | ०.०० | ८०००००.०० | रकमान्तर |
| ७ | पारिश्रमिक कर्मचारी | राजस्व बाँडफाँड - संघीय सरकार | २११११ | १४७०००००.०० | ०.०० | १००००००.०० | १३७०००००.०० | रकमान्तर |
| ८ | सवारी साधन मर्मत खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | २२२१३ | २५०००००.०० | १००००००.०० | ०.०० | ३५०००००.०० | रकमान्तर |
| | **जम्मा** | | | **२१३९५०००** | **२८०००००** | **२८०००००** | **२१३९५०००** | |

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा वडा कार्यालय व्यवस्थापनको लागि सवारी ईन्धन तथा मर्मत शिर्षक अन्तरगत देहाय अनुसार बिल तथा भरपाईको आधारमा मासिक रुपमा हुन आउने रकम निकासा गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| वडा नं. | मासिक सवारी ईन्धन (मासिक) | सवारी मर्मत (बार्षिक) |
|---|---|---|
| १ | ५० लि. | रु. ६०,०००।०० |
| २ | ५० लि. | रु. ६०,०००।०० |
| ३ | ५० लि. | रु. ६०,०००।०० |
| ४ | ४५ लि. | रु. ६०,०००।०० |
| ५ | ४५ लि. | रु. ६०,०००।०० |
| ६ | ५० लि. | रु. ६०,०००।०० |
| ७ | ५० लि. | रु. ६०,०००।०० |
| ८ | ५० लि. | रु. ६०,०००।०० |
| ९ | ६० लि. | रु. ६०,०००।०० |

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा जुके खोलामा रहेको जामुने झगरे ट्रष्ट पुल सडक निर्माणको क्रममा क्षति भएकोले हाल त्यो पुल निकालि ट्रष्टहरुको संरक्षण गर्ने तथा तत्काल निर्माण कार्य गर्न पहल गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा बैठकमा पेश थप विषयमा देहाय अनुसार कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) पोकली झरना कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने।

ख) आगामि कार्यपालिका बैठक २०७९/१०/२३ गते सञ्चालन गर्ने।